शिवनाथ गाउँपालिका
बैतडी जिल्ला
सुदूरपश्चिम प्रदेश

# खानेपानी योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिका

२०७६

# खानेपानी योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिका २०७६

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।०८।१८

**प्रस्तावना**

विकास निर्माणका योजनाहरुबाट दीर्घकालीन रुपमा सेवा प्राप्त गरीराख्नको लागि योजनाहरुको दिगोपना व्यवस्थापन अपरिहार्य हुन्छ । त्यसमा पनि जलस्रोतसंग सम्बन्धित योजनाहरु र अझ विशेष गरी खानेपानी योजनाहरुको दिगोपना बढी सम्वेदनशील हुन्छ । यि योजनाहरुको दिगोपनाको लागि उपभोक्ता समितिको संस्थागत विकास गर्दै प्रभावकारी मर्मत सम्भार व्यवस्थापन पद्धति स्थापना हुनु जरुरी हुन्छ । तसर्थ शिवनाथ गाउँपालिका अन्तर्गतका सबै खानेपानी तथा सरसफाइ योजनाहरुको दिगोपना व्यवस्थापनको लागि शिवनाथ गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३, दफा ११, उपदफा २ को खण्ड 'ध' बमोजिम **''खानेपानी योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिका २०७६''** तयार पारी गाउँ कार्यपालिकाबाट स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

क. यस निर्देशिकाको नाम "खानेपानी योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिका, २०७६" रहनेछ ।

ख. यो निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क. "स्थानीय तह" भन्नाले गाउँपालिकालाई जनाउँछ ।

ख. "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई जनाउँछ ।

ग. "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई जनाउँछ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

ङ. "गाउँ सभा" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले ब्याख्या गरे बमोजिमको "गाउँ सभालाई जनाउँछ ।

च. "वडा" भन्नाले गाउँपालिकाको वडालाई जनाउँछ ।

छ. "वडा अध्यक्ष" भन्नाले गाउँपालिको वडा अध्यक्षलाई जनाउँछ ।

ज. "वडा समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे बमोजिमको वडा समितिलाई जनाउँछ ।

झ. "वडा कार्यालय" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे बमोजिमको वडा कार्यालयलाई जनाउँछ ।

ञ. "योजना" भन्नाले खानेपानी तथा सरसफाइ योजनालाई जनाउँछ ।

ट. "उपभोक्ता समिति अध्यक्ष" भन्नाले खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको अध्यक्षलाई जनाउँछ ।

ठ. “उपभोक्ता समिति” भन्नाले खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई जनाउँछ ।

ड. “मर्मत सम्भार कार्यकर्ता” भन्नाले खानेपानी योजनाको नियमित रेखदेख तथा मर्मत सम्भार गर्नको लागि समितिले नियुक्त गरेको तालीम प्राप्त प्राविधिकलाई जनाउँछ ।

ढ. “धारा समूह” भन्नाले खानेपानी धाराको पानीको उचित प्रयोग, धाराको सामान्य मर्मत सम्भार र धारा समुदायमा सरसफाइ तथा स्वच्छता व्यव्स्थापनको लागि सम्बन्धित धाराका उपभोक्ता घरधुरीमध्येवाट गठित महिलाहरुको समूहलाई जनाउँछ ।

ण. “उपभोक्ता” भन्नाले योजना निर्माणमा योगदान गरी धारावाट पानी उपभोग गर्ने व्यक्ति वा योजना निर्माणमा सहभागि नभएता पनि निर्माण सम्पन्न भएपछि उपभोक्ता समितिको निर्णय वमोजिम धारावाट पानी उपभोग गर्न समावेश भएको व्यक्तिलाई जनाउँछ ।

त. “मर्मत सम्भार कार्ययोजना” भन्नाले योजनाको नियमित रेखदेख, सम्भार तथा मर्मतको लागि उपभोक्ता भेलाद्वारा पारित गरिएको जिम्मेवारी सहितको कार्ययोजनालाई जनाउँछ ।

थ. “योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन कार्यविधि” भन्नाले खानेपानी तथा सरसफाइ योजनाले तयार पार्ने योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन कार्यविधिलाई जनाउँछ ।

द. “पानी सुरक्षा योजना” भन्नाले योजनाको मुहान, संरचनाहरु, पाइपलाइन तथा घरेलु स्तरमा पानीको भण्डारण समेतमा हुनसक्ने पानीको प्रदुषण (जोखिम) को सम्भावनालाई अग्रीम रुपमा पहिचान गरी सो हुन नदिनको लागि गर्नुपर्ने प्रतिरोधात्मक कार्यहरुको विवरणलाई जनाउँछ ।

ध. “सहकारी संस्था” भन्नाले गाउँपालिका अन्तर्गत कृयाशील सहकारी संस्थालाई जनाउँछ ।

न. “आमभेला” भन्नाले खानेपानी योजनावाट लाभान्वित हुने कुल घरधुरीको कम्तिमा ७५% घरहरुवाट प्रतिनिधित्व भएको भेलालाई जनाउँछ ।

प. “खानेपानी व्यवस्थापन समिति” भन्नाले गाउँपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा नेतृत्वदायी भुमिका निर्वाहका लागि गाउँपालिका अन्तर्गत गठन गरिने खानेपानी व्यवस्थापन समिति (Water Management Board) लाई जनाउँछ ।

फ. “खानेपानी व्यवस्थापन समितिको सचिवालय” भन्नाले खानेपानी व्यवस्थापन समितिको सचिवालयलाई जनाउँछ ।

ब. “खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ” भन्नाले गाउँपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको गाउँपालिका स्तरीय सञ्जाल जनाउँछ ।

## परिच्छेद २

## खानेपानी व्यवस्थापन समितिको व्यवस्था

**३. परिचय तथा संरचना :**

गाउँपालिका अन्तर्गतका खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा नेतृत्वदायी भुमिका निर्वाह गर्नको लागि गाउँपालिका स्तरमा खानेपानी व्यवस्थापन समिति हुनेछ । वडा स्तरमा वडा कार्यालयले खानेपानी व्यवस्थापन समितिले तोके बमोजमको कार्य सम्पादन गर्नेछ । गाउँपालिका स्तरमा खानेपानी व्यवस्थापन समितिको संरचना निम्न बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| क) | अध्यक्षः | गाउँ कार्यपालिकाले तोकेको एक जना कार्यपालिका सदस्य |
| ख) | सदस्य | प्रत्येक वडाबाट वडा अध्यक्षले तोकेको सदस्य (६ जना) |
| ग) | सदस्य | खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ अध्यक्ष एक जना |
| घ) | सदस्य | सकृय सहकारी संस्थाहरुको प्रतिनिधि एक/एक जना |

ङ) सदस्य स्वास्थ्य शाखा प्रमुख एक जना

च) सदस्य शिक्षा विकास शाखा प्रमुख एक जना

छ) सदस्य गाउँपालिकामा कार्यरत सरोकारवाला संघ संस्थाहरुको प्रतिनिधि एक/एक जना

ज) सदस्य महिला सञ्जाल वा आमा समुहको प्रतिनिधि एक जना

झ) सदस्य दलित सञ्जाल प्रनिनिधि एक जना

ञ) सदस्य जनजाती तथा अल्पसंख्यक प्रतिनिधि एक जना

ट) सदस्य सचिव भौतिक पुर्वाधार विकास तथा वातावरण शाखाका शाखा प्रमुख

**४. खानेपानी व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार**

खानेपानी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।

क) खानेपानी व्यवस्थापन समितिको सचिवालय स्थापना गरी सञ्चालनमा ल्याउने,

ख) गाउँपालिकामा खानेपानी तथा सरसफाइ क्षेत्रको व्यवस्थापन सुचना प्रणाली स्थापना गरी खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन सम्बन्धि सुचना तथा तथ्याङ्क व्यवस्थापन गरी अद्यावधि गर्ने,

ग) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु गठन वा पुनर्गठन गर्ने, गराउने र जलस्रोत समितिमा दर्ता गर्ने,

घ) अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापना गरी आवधिक रुपमा खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको आवधिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने,

ङ) गाउँपालिका स्तरमा सञ्चालन तथा मर्मत सम्भार कोष स्थापना गरी कोष बृद्धि गराउन सम्बधित सरोकारवालाहरुलाई प्रोत्साहित गर्ने,

च) योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको अवस्थाको आधारमा उपभोक्ता समितिलाई पुरस्कार तथा दण्डको पद्धति स्थापना गरी कार्यान्वयनमा ल्याउने,

छ) खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा आवश्यक सहयोग, अनुगमन तथा मूल्याङ्कन सम्बन्धि कार्य तोक्ने र सो को अनुगमन गर्ने,

ज) योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन सम्बन्धि वार्षिक प्रतिवेदन तयार गरी गाउँपालिकामा पेश गर्ने ।

**५. खानेपानी व्यवस्थापन समितिको सचिवालयः**

गाउँपालिका अन्तरगत भौतिक पुर्वाधार विकास शाखामा खानेपानी व्यवस्थापन समितिको सचिवालय रहनेछ । सचिवालयमा आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको व्यवस्थापन भौतिक पुर्वाधार विकास तथा वातावरण शाखाले गर्नेछ ।

**६. खानेपानी व्यवस्थापन समितिको सचिवालयको काम, कर्तब्य र अधिकारः**

खानेपानी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।

क) सचिवालयमा आवश्यक पर्ने एक जना सब–इन्जिनियर सहितका प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुको व्यवस्थापन गर्ने र आवश्यकता अनुसार योजनाहरुमा प्राविधिक सहयोग उपलब्ध गराउने,

ख) गाउँपालिका स्तरमा सञ्चालन तथा मर्मत सम्भार कोष स्थापना तथा व्यवस्थापन गर्ने,

ग) योजनाको सञ्चालन तथा मर्मत सम्भार सम्बन्धि वार्षिक तथ्याङ्क संकलन र योजनाहरुको अनुगमन तथा मूल्याङ्कन व्यवस्थापन गर्ने,

घ) सङ्कलित तथ्याङ्कहरु एकाकार तथा विश्लेषण गरी सहयोग कार्ययोजना सहितको तयार पारिएको प्रतिवेदन गाउँ कार्यसमिति कार्यसमितिमा पेश गर्ने,

ङ) योजना सञ्चालन तथा मर्मत सम्भार सम्बन्धि व्यवस्थापकीय मापदण्ड पुगेका योजनाहरुलाई ठूलो खाले मर्मत सम्भारमा आवश्यक सहयोग गर्ने,

च) सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट योजनाहरु छनौट गरी पुरस्कृत गर्न गाउँ कार्यसमितिमा पेश गर्ने,

छ) खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन सम्बन्धि सुचना तथा तथ्याङ्क व्यवस्थापन गरी अध्यावधि गर्ने,

ज) खानेपानी व्यवस्थापन समितिले तोके बमोजिम खानेपानी तथा सरसफाइ योजनाहरुको दिगोपना व्यवस्थापन सम्बन्धि अन्य कृयाकलापहरु सहयोग तथा सञ्चालन गर्ने,

झ) खानेपानी व्यवस्थापन समितिको प्रशासनिक तथा अन्य अभिलेखकरणको कार्य गर्ने ।

## परिच्छेद ३

## उपभोक्ता समितिको संस्थागत व्यवस्था

**७. दर्ता :**

उपभोक्ता समितिहरु तोकिएको समय भित्र गाँउपालिका अन्तर्गत रहेको जलस्रोत समितिमा दर्ता हुनेछन् ।

**८. उपभोक्ता समितिको संरचना :**

उपभोक्ता समितिको संरचना शिवनाथ गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि बमोजिम हुनेछ ।

**९. उपभोक्ता समितिको बैठक :**

उपभोक्ता समितिको बैठक नियमित रुपमा कम्तिमा दुई महिनाको एक पटक वस्नेछ । सो बैठकमा सम्भव भए सम्म सम्बन्धित वडा समितिका कम्तिमा एक जना सदस्यको समेत उपस्थिति हुनेछ ।

**१०. वार्षिक साधारण सभा :**

उपभोक्ता समितिले उपभोक्ताहरुलाई सहभागी गराई हरेक वर्ष वार्षिक साधारण सभा आयोजना गर्नु पर्नेछ । उक्त साधारण सभामा उपभोक्ता समितिले वार्षिक प्रगति प्रतिवेदन तथा आर्थिक प्रतिवेदन पेश गरी सार्वजनिक परिक्षण गराउनेछ । उपभोक्ता समितिको निर्वाचन वार्षिक साधारण सभाको माध्यमवाट गरिनेछ ।

**११. महिला धारा समुह गठन :**

सार्वजनिक धारा प्रणाली भएको खानेपानी तथा सरसफाइ योजनामा उपभोक्ता समितिले आ–आफ्नो योजनाका धाराहरुको उचित सम्भार, सामान्य मर्मत तथा सरसफाइ व्यवस्थापनको लागि लाभान्वित घरधुरीवाट एक एक जनाको प्रतिनिधित्व हुने गरी महिला धारा समुह गठन गर्नु पर्नेछ । निजी धारा प्रणाली भएको खानेपानी तथा सरसफाइ योजनामा सम्बन्धित घरपरिवारले नै धाराको सरसफाइ, रेखदेख तथा मर्मत सम्भार गर्नेछ ।

**१२. खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ सम्बन्धि व्यवस्था :**

गाउँपालिका भित्रका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ गठन गरिनेछ । यस महासंघमा गाउँपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु अनिवार्य रुपमा आवद्ध हुनेछन । खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघले निम्नानुसारको भुमिका निर्वाह गर्नेछ ।

क) खानेपानी तथा सरसफाइ योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यववस्थापन सम्बन्धि तथ्याङ्क संकलनमा खानेपानी व्यवस्थापन समितिलाई सहयोग गर्ने,

ख) अनुगमन तथा मूल्याङ्कनमा खानेपानी व्यवस्थापन समितिलाई सहयोग गर्ने,

ग) खानेपानी व्यवस्थापन समितिले आयोजना गर्ने कार्यक्रमहरुमा सकृय सहभागिता जनाउने,

घ) खानेपानी तथा सरसफाइ योजनाहरुका मुख्य सवाल र समस्याहरु पहिचान गर्ने,

ङ) नियमित रुपमा बैठक बस्ने र सफल अभ्यासहरु, समस्या तथा सवालहरु आदान प्रदान गरी समस्या समाधानका उपायहरु पत्ता लगाउने,

च) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका साझा सवालहरु सम्बोधनको लागि पैरवी गर्ने,

छ) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुलाई दर्ता गर्नमा आवश्यक सहयोग गर्ने,

ज) उपभोक्ता समितिहरुको वार्षिक साधारण सभा भएको कुरा सुनिश्चित गर्ने,

झ) आत्म निर्भर र विश्वसनीय सहकारी भएमा आवद्धताको लागि उपभोक्ता समितिहरुलाई प्रोत्साहित गर्ने ।

**१३. सहकारीमा आबद्धता :**

मर्मत सम्भार कोष परिचालन र बृद्धिको लागि उपभोक्ता समितिले गाउँपालिकामा भएको सकृय सहकारीको शेयर सदस्यता लिनेछ । सो सहकारीबाट उपभोक्ता समितिले योजनाको सुविधा स्तर बृद्धि, विस्तार तथा मर्मत सम्भार व्यवस्थापनको लागि आवश्यक वित्तीय तथा अन्य सहयोग लिन सक्नेछ । उपभोक्ता समितिलाई आवश्यक परेको खण्डमा सो को लेखा व्यवस्थापन तथा दस्तावेजीकरणमा समेत सहकारीले आवश्यक सहयोग गर्नेछ ।

**१४. श्रेस्ता व्यवस्थापन :**

उपभोक्ता समितिले योजनाको सञ्चालन तथा मर्मत सम्भार कोषको लेखा, निर्माण सामग्री, जगेडा पार्टपुर्जा तथा औजार लगायतका जिन्सी सामग्रीहरुको श्रेस्ता, बैठक निर्णय पुस्तिका, आगन्तुक पुस्तिका लगायतका अन्य खातापाताहरुको व्यवस्थापन चुस्तदुरुस्त रुपमा गर्नेछ । उपभोक्ता समितिले मर्मत सम्भार कोषको अध्यावधिक अवस्था प्रत्येक बैठकमा प्रतिवेदनको रुपमा प्रस्तुत गर्नेछ । उपभोक्ता समितिले वार्षिक साधारण सभामा सार्वजनिक परिक्षण तथा सुनुवाई गरी सोको प्रतिवेदन खानेपानी व्यवस्थापन समितिमा पेश गर्नेछ ।

**१५. प्रतिवेदन :**

उपभोक्ता समितिले योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन अवस्थाको वारेमा त्रैमासिक रुपमा वडा कार्यालयमा पेश गर्नेछ र सो को बोधार्थ जानकारी आवद्ध भएको सहकारी संस्था र खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघमा गराउनेछ । वार्षिक साधारण सभाको प्रतिवेदनको एक एक प्रति खानेपानी व्यवस्थापन समितिको सचिवालय, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ र सम्बद्ध सहकारी संस्थामा पेश गर्नेछ । उपभोक्ता समितिले उक्त निकायहरुलाई योजनाको विषेश अवस्थाको वारेमा प्रतिवेदन दिनु परेमा उक्त प्रतिवेदन समेत दिनेछ ।

## परिच्छेद ४

## योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन

**१६. योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन कार्यविधि :**

उपभोक्ता समितिले योजनावाट प्राप्त हुने नियमित सेवालाई सुनिश्चित गर्नको लागि योजनाको नियमित मर्मत सम्भार व्यवस्थापनलाई नियमन गर्न योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन कार्यविधि तयार पारी आम भेलाबाट स्वीकृत गराई लागु गर्नेछ । योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन कार्यविधिको नमुना अनुसुचि १ मा दिईएको छ ।

**१७. मर्मत सम्भार कार्ययोजना :**

उपभोक्ता समितिले वार्षिक रुपमा मर्मत सम्भार कार्ययोजना वनाउनेछ । उक्त कार्ययोजना वार्षिक साधारण सभामा समीक्षा भई पारीत गरे वमोजिम वार्षिक रुपमा अद्यावधिक गर्नु पर्नेछ । सवै उपभोक्ताहरुले सञ्चालन

तथा मर्मत सम्भार कार्ययोजनाको पालना गर्नु पर्नेछ । उक्त कार्ययोजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन कार्यविधिको एक अंगको रुपमा रहनेछ ।

**१८. निर्माण सामग्री :**

योजना निर्माणका लागि खरीद गरिएका वा जुनसुकै तरिकाबाट प्राप्त हुनआएका निर्माण सामाग्रीहरुको लगत राखी योजना निर्माण सम्पन्न भएपश्चात योजना क्षेत्रमा बाँकी रहन गएका पाईप, फिटीङ्ग, औजार तथा निर्माण सामाग्रीहरुमध्ये भविष्यमा योजनाको मर्मत सम्भार कार्यमा आवश्यक पर्न जाने सामाग्रीहरु र भविष्यमा मर्मत सम्भारको लागि प्रयोग हुन नसक्ने अन्य सामाग्रीहरु उपभोक्ता समितिले अलग गरी सम्बन्धित वडा कार्यालयको रहोबरमा छुट्टा छुट्टै लगत खडा गर्नेछ र सोको प्रतिवेदन सम्बन्धित वडा कार्यालयमा पेश गर्नेछ । भविष्यमा मर्मत सम्भारको लागि प्रयोग हुन नसक्ने अन्य सामाग्रीहरु उपभोक्ता समितिले सम्बन्धित वडा कार्यालयको रोहेबरमा बिक्रि गरी आएको रकम मर्मत सम्भार कोषमा आम्दानी बाँध्नछे वा बचेको सामग्रीहरु गाउँपालिकाको निर्णय/निर्देशन वमोजिम अन्य योजनाहरुलाई हस्तान्तरण गर्नेछ ।

**१९. औजार :**

उपभोक्ता समितिले योजनाको लागि आवश्यक पर्ने सवै औजारहरु मर्मत संभार कार्यकर्ता वा उपभोक्ता समितिले तोकेको सदस्यको मातहतमा रहने गरी सुरक्षित रुपमा भण्डारण गर्ने व्यवस्था मिलाउनेछ । योजना मर्मतको समयमा मर्मत सम्भार कार्यकर्ताले उक्त औजारहरु सम्बन्धित जिम्मेवार व्यक्तिवाट भरपाई गरी बुझिलिई काम सम्पन्न भएपश्चात तुरुन्त भण्डारमा नै दाखिला गर्नुपर्नेछ । लापरवाही गरी औजारहरु हराएमा वा टुटफुट भएमा सम्बन्धित व्यक्तिवाट समितिले सोधभर्ना लिनेछ । उपभोक्ता समितिले कम्तिमा वर्षको एक पटक औजारहरुको अवस्था जाँच गरी आवश्यकता अनुसार नयाँ औजारहरुको व्यवस्थापन गर्नेछ ।

**२०. जगेडा पार्टपुर्जा :**

उपभोक्ता समितिले टुटफुट भैरहने वा वदलिरहनु पर्ने पार्टपुर्जाहरुको न्यूनतम मौज्दात जगेडा राख्नेछ । खर्च भैसकेपछि यथासक्य चाँडो उक्त पार्टपूर्जाहरुको पूर्ति गरिनेछ । उपभोक्ता समितिले योजनाको आवश्यक मर्मत सम्भारको लागि आवश्यक पर्ने पार्टपूर्जाहरु तथा औजारहरु खरिद गर्दा आवश्यक सामाग्रीको सूची तयार गर्नेछ । उक्त सामग्रीहरु निर्धारित गुणस्तर सुनिश्चित गरी प्रचलित खरिद प्रकृया अपनाई खरिद गरिनेछ ।

**२१. पानीको प्रयोग :**

पानीको अधिकतम सदुपयोगको लागि उपभोक्ता समितिले आवश्यक पद्धति स्थापना गरी नियमन गर्नु पर्नेछ । अनावश्यक रुपमा पानीको अत्याधिक भण्डारण गर्ने, धारा खुला राख्ने, अरु धाराहरुमा असर पर्ने गरी तरकारी/सिँचाई आदिमा प्रयोग गर्न पाईने छैन । तर विषेश अवस्थामा विवाह/व्रतवन्ध/धार्मिक/साँस्कृतिक कार्यहरुको लागि उपभोक्ता समितिले अतिरिक्त समयमा थप शुल्क लिई वा नलिई पानी उपलव्ध गराउने व्यवस्था गर्न सक्नेछ ।

**२२. जरिवाना :**

उपभोक्ता समिति र मर्मत सम्भार कार्यकर्ताका साथै धारा समूहहरुले योजनाको सदुपयोग गर्न, टुटफुट हुन नदिनको लागि रेखदेख तथा अनुगमन गर्नेछन् । उपभोक्ता समितिले निम्न अवस्थामा उपभोक्ताहरुवाट जरिवाना उठाउने वा अन्य कार्यवाही गर्न सक्नेछ । यसरी उठेको जरिवाना रकम मर्मत सम्भार कोषमा जम्मा गर्नु पर्नेछ । जरिवानाको दर अनुसूचि २ मा तोकिए बमोजिम हुनेछ।

क) धाराको टुटी विग्रेर समयमै मर्मत नगरेमा,

ख) प्रयोग नभएको अवश्थामा धारा खुल्लै छोडेको पाइएमा,

ग) अनाधिकृत रुपमा पाईप वा टी जडान गरेमा,

घ) कुनै धारामा उक्त पानीको वहाव नियन्त्रण गर्ने भल्व अनाधिकृत रुपमा चलाई बढि पानी निकालेको पाइएमा

ङ) कुनै व्यक्तिले योजनाका संरचनाहरु, तारवार, पोल, गेट आदि भत्काएमा वा नोक्सानी गरेमा वा पाइपलाइन काटेमा

च) पानीको श्रोतहरु दुषित पारेमा

छ) उपभोक्ता समितिले लागु गरेको योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन कार्यविधिको पालना नगरेको पाईएमा,

ज) सञ्चालन तथा मर्मत सम्भार कार्ययोजना वमोजिमको जिम्मेवारी बहन नगरेमा वा उपभोक्ता समितिले आव्हान गरे वमोजिम श्रमदान नगरेमा,

झ) योजना दिगो व्यववस्थापनको लागि उपभोक्ता समितिले अह्राए बमोजिमका अन्य कार्य नगरेमा

ञ) आयोजनाको मर्मत संभार कार्यमा सहभागिता नजनाएमा ।

**२३. मर्मत सम्भार कोष व्यवस्थापन तथा परिचालन :**

क) सार्वजनिक धारा प्रणाली भएको खानेपानी तथा सरसफाइ योजनामो पानी महसुल वापत प्रति घर न्यूनतम रु. ५० मासिक रुपमा उपभोक्ता समितिले उठाउनेछ । उपभोक्ता समितिले पानी महसुल निर्धारण गर्दा योजनाको चालु खर्च कटाई मर्मत सम्भार कोषमा बचत हुने गरी निर्धारण गर्नेछ । निजी धारा प्रणाली भएको खानेपानी तथा सरसफाइ योजनामा मिटर जडान गर्नुपर्नेछ । सो प्रकारको योजनामा कम्तिमा निम्नानुसार पानी शुल्क लाग्नेछ ।

१० युनिट (१० हजार लिटर) सम्मको रु १५०

१० युनिट भन्दा माथि निम्नानुसारको शुल्क लाग्नेछ ।

१० युनिट सम्म प्रति युनिट रु २०

११ देखि १५ युनिट सम्म प्रति युनिट रु २३

१६ देखि २० युनिट सम्म प्रति युनिट रु २६)

२१ देखि २५ युनिट सम्म प्रति युनिट रु २९

२६ युनिट भन्दा माथि प्रति युनिट रु ३२

ख) निजी धारा प्रणालीमा सार्बजनिक धारा भएमा पनि मिटर जडान अनिबार्य हुनेछ र पानी उपभोग गर्ने घरधुरीहरुले दामासाहिबाट शुल्क उठाउनु पर्नेछ ।

ग) आर्थिक रुपमा अति बिपन्न तथा असहायहरु (निम्न आयश्रोत भएका एकल महिला, अपांगता भएका व्यक्ति, टुहुरा आदि) लाई माथि उपदफा 'क' मा उल्लेखित दुई वटै प्रणालीका खानेपानी तथा सरसफाइ योजनाहरुमा उपभोक्ता समितिले छुट वा निःशुल्क खानेपानी सेवाको लागि निर्णय गरी लागु गर्न सक्नेछ ।

घ) उपभोक्ताहरुले पानी शुल्क वापतको रकम हरेक महिना पुरा भएको मितिले एक हप्ता भित्र जम्मा गर्नेछन् । उपभोक्ता समितिले उक्त मिति भित्र पानी शुल्क नवुझाउनेलाई जरीवाना तोकी असुलउपर गर्नेछ । अग्रिम रुपमा पानी शुल्क बुझाउनेलाई उपभोक्ता समितिले छुट समेत दिन सक्नेछ ।

ङ) उपभोक्ता समितिले मर्मत सम्भार कोषका लागि संकलित रकम आफू आबद्ध रहेको सहकारीमा रहेको आफ्नो खातामा जम्मा गर्नेछ । उपभोक्ता समितिले योजनाको नियमित तथा आपतकालीन मर्मत कार्यको लागि न्यूनतम मौज्दात राख्ने गरी बांकी सबै पूँजी सहकारी मार्फत नियमानुसारको ब्याज दरमा लगानी गर्ने छ । सहकारी संस्था उपलब्ध नभएको अबस्थामा स्थानीय बैंक मार्फत वा समिति आफैले पानी उपभोगकर्ताहरु विच लगानी गर्नेछ ।

च) सहकारीले योजना सञ्चालन तथा मर्मत सम्भार राहत कोषको स्थापना गर्नेछ । योजना सञ्चालन तथा मर्मत सम्भार राहत कोष बृद्धि गर्नको लागि सहकारीले बार्षिक रुपमा खुद मुनाफाबाट केही प्रतिशत रकम उक्त कोषमा विनियोजन गर्ने प्रावधान विनियममा उल्लेख गर्नेछ । उक्त राहत कोष प्राकृतिक प्रकोपको कारणले सहकारीमा आबद्ध भएका योजनाहरुमा क्षति हुन गएमा प्राप्त निवेदने बमोजिम गरिएको सर्वेक्षण तथा लागत अनुमानको आधारमा अवस्था हेरी मर्मत सम्भारका लागि खर्च गरिनेछ ।

छ) मर्मत सम्भार कोष वृद्धि गर्नको लागि उपभोक्ता समितिले विभिन्न प्रकारका रचनात्मक कृयाकलापहरु सञ्चालन गर्नेछ ।

ज) खानेपानी योजनाको नियमित सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको लागि मर्मत सम्भार कोष गाउँपालिकास्तरमा पनि स्थापना हुनेछ । उक्त कोषमा गाउँपालिकाले बजेट बिनियोजन गर्नेछ । गाउँपालिकामा कार्यरत अन्य सरोकारवाला संघ संस्थाहरुलाई पनि उक्त कोषमा बजेट मिलान गर्न प्रोत्साहित गरिनेछ ।

झ) उपभोक्ता समितिमा रहेको कोषले नपुग्ने गरी ठूलो खालको मर्मत गर्नुपरेको खण्डमा आमभेलाले निर्णय गरे वमोजिम लाभान्वित घरसंख्याको आधारमा समानुपातिक रुपमा योजनाको मर्मतको लागि योगदान गर्नेछन् ।

ञ) प्राकृतिक प्रकोपको कारणले कुनै योजनामा धेरै क्षति हुन गई उक्त योजना मर्मत गर्नको लागि योजनाको मर्मत सम्भार कोष, सहकारीले प्रदान गर्ने राहत कोष र श्रमदान समेत गरेर रकम नपुग हुन गएमा गाउँपालिका स्तरीय कोषबाट नपुग रकम सहयोग गरिनेछ । यो सहयोग प्राप्त गर्नको लागि योजनामा सञ्चालन तथा मर्मत सम्भार सम्बन्धि निम्न बमोजिमका व्यवस्थापकीय मापदण्ड पुगेको हुनु पर्नेछ ।

अ. उपभोक्ता समिति दर्ता

आ. उपभोक्ता समितिको सकृयता तथा नियमित बैठक

इ. सकृय मर्मत सम्भार कोष तथा नियमित रुपमा पानी महसुल संकलन

ई. मर्मत सम्भार कार्यकर्ता नियुक्त तथा परिचालन

उ. वार्षिक साधारण सभाको नियमितता

ऊ. जगेडा पार्टपुर्जा तथा औजार व्यववस्थापन

ए. खातापाता तथा लेखाको चुस्तदुस्त व्यवस्थापन र सार्वजनिक परिक्षणको नियमिता

ऐ. खानेपानी सुरक्षा योजना र सञ्चालन तथा मर्मत सम्भार कार्यविधिको कार्यान्वयन

ओ. मर्मत सम्भार योजना तयारी तथा कार्यान्वयन

औ. कूल उपभोक्ताको कम्तिमा ८० प्रतिशत घरपरिवारले घरवारी व्यवस्थापन गरेको

ट) योजनाको मर्मत सम्भार र सेवा विस्तार तथा सुधारको लागि उपभोक्ता समितिले सहकारीबाट ऋण लिन सक्नेछ । उक्त ऋण उपभोक्ता समितिले पानी शुल्क मार्फत चुक्ता गर्नेछ ।

ठ) गाउँपालिका स्तरमा सञ्चालन तथा मर्मत सम्भार कोष स्थापना गरिनेछ । यसको लागि गाउँपालिकाले प्रत्येक वर्ष बजेट बिनियोजन गर्नेछ ।

ड) सहकारी नभएको हकमा स्थानीय बैक मार्फत मर्मत सम्भार कोष जम्मा तथा लगानी गर्दा यो निर्देशिका बाधक हुनेछैन ।

**२४. श्रोत तथा संरचना संरक्षण :**

उपभोक्ता समितिले योजना दिगो व्यवस्थापनका लागि इन्टेक/श्रोत संरक्षण, जलाधार क्षेत्र संरक्षण, इन्टेक क्षेत्रको सरसफाइ व्यववस्थापन, पानी पुनर्भरण, योजनाका अन्य संरचना संरक्षण, बृक्षारोपण, वातावरण संरक्षण तथा पहिरो नियन्त्रण सम्बन्धि कृयाकलापहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नेछ ।

**२५. पानीको गुणस्तर व्यव्स्थापन :**

क) योजनावाट वितरित पानीलाई सुरक्षित गर्नको लागि प्रत्येक खानेपानी तथा सरसफाइ योजनामा पानी सुरक्षा योजना लागु हुनेछ । उपभोक्ता समितिले सवै उपभोक्ताहरुको सहभागितामा पानी सुरक्षा योजना तयार पारी पूर्ण रुपमा कार्यान्वयनमा ल्याउनेछ ।

ख) गाउँपालिकाले पानीको गुणस्तर जाँच गर्नको लागि गाउँपालिकामा पानी परिक्षण प्रयोगशाला स्थापना गरी कार्यान्वयनमा ल्याउनेछ ।

**२६. मर्मत सम्भार कार्यकर्ता :**

उपभोक्ता समितिले योजनाको नियमित रेखदेख, सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको लागि प्रत्येक योजनामा कम्तिमा एक जना तालीम प्राप्त मर्मत सम्भार कार्यकर्ताको व्यवस्था गर्नेछ । मर्मत सम्भार कायकर्ता छनौट गर्दा योजना क्षेत्र बाहिरको काममा नजाने गाउँमै बस्ने स्थानीय व्यक्ति हुनु पर्नेछ । छनौट गर्दा महिला तथा पिछडिएको वर्गलाई प्राथमिकता दिनु पर्नेछ । उपभोक्ता समितिले सेवाका शर्तहरु तथा पारिश्रमिक समेत उल्लेख गरी नियुक्ती पत्र दिएर मात्र मर्मत सम्भार कार्यकर्तालाई काममा लगाउनेछ । मर्मत सम्भार कार्यकर्ताको भूमिका र जिम्मेवारी उपभोक्ता समितिको योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन कार्यविधि बमोजिम हुनेछ ।

२७. **प्राविधिक सहयोग :**

योजनाको मर्मत सम्भार, सेवा विस्तार तथा सुधारमा आवश्यक पर्ने प्राविधिक सहयोग खानेपानी व्यवस्थापन समितिको सचिवालयले व्यववस्था गरे बमोजिम हुनेछ ।

## परिच्छेद ५

## सेवा सुधार तथा विस्तार

२८. योजना क्षेत्रमा नयाँ वसाई सरी आउने वा पहिला योजनामा सहभागी नभई निर्माण सम्पन्न भएपछि सेवा प्राप्त गर्न चाहने घरपरिवारहरुको लागि उपभोक्ता समितिले निश्चित सेवा शुल्क निर्धारण गर्नेछ । सो सेवा शुल्क तिरेपछि माथि उल्लेखित घरपरिवारहरुलाई सार्वजनिक धारावाट पानी उपभोग गर्न अनुमति दिन सक्नेछ । यो शुल्क कायम गर्दा योजना निर्माणमा प्रति घरधुरीले गरेको श्रमदानलाई आधार मानिनेछ ।

२९. उपभोक्ता समिति योजनाको प्राविधिक पक्ष प्रति सचेत रहनेछ । योजनामा थप धाराहरु जडान भएमा तथा उल्लेख्य संख्यामा उपभोक्ताहरु थपिन गएमा योजनाले लक्ष्य अनुसार सेवा प्रदान गर्न नसक्ने कुरालाई ध्यानमा राखि उपभोक्ता समितिले योजनामा डिजाइन भई निर्माण भएको धारा वाहेक नयाँ धारा थप गर्नेछैन । सार्वजनिक धारा प्रणाली भएको योजनावाट कुनै व्यक्ति विशेषले नीजि धारा जडान गर्नेछैन ।

३०. दफा २९ मा जेसुकै उल्लेख गरिएको भए पनि योजनाबाट सुविधा स्तर बृद्धि गर्न सार्वजनिक धारा प्रणालीलाई निजी धारा प्रणालीमा स्तरोन्नती गर्न आम भेलाबाट निर्णय भई माग भई आएमा उपभोक्ता समितिले पानीको पर्याप्तताको आधारमा उक्त योजनालाई निजी धारा प्रणालीमा स्तरोन्नतीको लागि गाउँपालिकामा आमभेलाको निर्णयको प्रतिलिपि सहित आवेदन पेश गर्न सक्नेछ । गाउँपालिकाले प्राविधिक तथा सामाजिक रुपमा विस्तृत अध्ययन गरी सोको आधारमा आवश्यक निर्णय गर्नेछ । सार्वजनिक धारा प्रणालीलाई निजी धारा प्रणालीमा स्तरोन्नती गर्न प्राविधिक तथा सामाजिक दृटिकोणबाट उपयुक्त देखिएमा गाउँपालिकाले सोको लागि आवश्यक कार्यवाही गर्नेछ ।

## परिच्छेद ६

## सरसफाइ, स्वच्छता तथा घरवारी व्यवस्थापन

३१. उपभोक्ता समितिले उपयुक्त शौचालय, भाडा सुकाउने चाङ्ग, फोहर फाल्ने खाडल, धुँवा रहित चुल्हो, गोवरग्याँस प्लान्ट आदि निर्माण तथा उचित प्रयोग गर्नको लागि उपभोक्ताहरुलाई उत्प्रेरित गर्नेछ । साथै पूर्ण सरसफाइ प्रबर्द्धन तथा महिनावारी स्वच्छता व्यवस्थापनको बाधकको रुपमा रहेको छाउपडी कुसंस्कार बिरुद्ध उपभोक्ता समितिले अभियानहरु सञ्चालन गरी महिनावारी भएको बेला चर्पी तथा धारा प्रयोगमा पहुँच अभिबृद्धि गर्नेछ ।

३२. उपभोक्ता समितिले व्यक्तिगत, घरायसी तथा वातावरणीय सरसफाइ तथा स्वच्छता सम्बन्धी व्यवहार तथा सुरक्षित रुपमा पानीको चलन गर्ने व्यवहारको नियमित रुपमा अनुगमन गर्ने व्यवस्था मिलाउनेछ । जसको लागि महिला धारा समुह तथा अन्य महिला सञ्जालहरुको परिचालन एवं नियमित अन्तरक्रिया गर्ने कार्यलाई निरन्तरता दिनेछ ।

३३. उपभोक्ता समितिले प्रत्येक घरमा खेर गएको पानी संकलन गर्ने ट्यांकी/खाडल निर्माण गरी घरवारी व्यवस्थापनमा प्रयोग गर्न सबै उपभोक्ताहरुलाई उत्प्रेरित गर्नेछ । सो बमोजिम नगर्ने घरपरिवारलाई तोकिए बमोजिमको जरिवाना गर्न सक्ने अधिकार उपभोक्ता समितिलाई हुनेछ ।

## परिच्छेद ७

## अनुगमन तथा प्रतिवेदन

३४. उपभोक्ता समितिले योजनाको सञ्चालन अवस्था पहिचान गर्न खानेपानी सुरक्षा टोलीबाट नियमित अनुगमन हुनेछ ।

३५. दफा ३४ मा उल्लेखित खानेपानी सुरक्षा टोलीले योजनाको सञ्चालन अवस्थाको अनुगमन मासिक रुपमा उपभोक्ता समितिको बैठक बस्नु भन्दा पहिले गर्नेछ । उपभोक्ता समतिले बैठकमा अनुगनमा देखिएका बिषयवस्तुहरुको बारेमा समिक्षा गर्नेछ र यदि समस्या देखिएमा समाधानका उपयाहरुबारे छलफल तथा निर्णय गर्नेछ ।

३६. योजनाको अनुगमन र उपभोक्ता समितिले राखेका अन्य अभिलेखहरुको आधारमा उपभोक्ता समितिले योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन अवस्थाको प्रतिवेदन तयार गरी वडा कार्यालयलाई त्रैमासिक रुपमा पेश गर्नेछ र त्यसको बोधार्थ आबद्ध सहकारी संस्था र खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ लाई दिनेछ ।

३७. दफा ३६ अनुसार पेश भएका उपभोक्ता समितिका प्रतिवेदनहरुको समिक्षा वडा समितिको बैठकमा हुनेछ । वडा कार्यालयको तर्फबाट आवश्यक अनुगमन तथा सहयोग गर्नु पर्ने दखिएमा वडा कार्यालयले कार्ययोजना तयार पारी जिम्मेवारी तोक्नेछ । वडा कार्यालयले वडा भित्रका सम्पूर्ण योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन अवस्थाको प्रतिवेदन अर्धवार्षिक रुपमा खानेपानी व्यवस्थापन समितिको सचिवालयमा पेश गर्नेछ ।

३८. गाउँ कार्यपालिकाको बैठकमा गाउँपालिकाभित्रका सबै योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन अवस्थाको बारेमा समीक्षा हुनेछ । गाउँपालिकाको पुर्वाधार विकास तथा वातावरण शाखाले गाउँ कार्यपालिकाको बैठकमा समिक्षा भएको प्रतिवेदनको आधारमा गाउँपालिका भित्रका योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन अवस्थाको अभिलेख राख्नेछ । गाउँ कार्यपालिकाले योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको वार्षिक अवस्था तयार पारी गाउँ सभामा पेश गर्नेछ ।

३९. वडा समितिले योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको नियमित अनुगमन गर्नेछ । वडा समितिले वडाभित्रका योजनाहरुको कम्तिमा अर्धवार्षिक रुपमा गहन अनुगमन गर्ने गराउनेछ । योजनाको छडके अनुगमन कुनै पनि बेला गर्न सक्नेछ । योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको समिक्षामा सहभागी हुन संभव भएसम्म वडा समितिबाट उपभोक्ता समितिको बैठकमा सहभागिता हुनेछ ।

४०. खानेपानी व्यवस्थापन समितिको तर्फबाट गाउँपालिका स्तरीय अनुगमन समिति गठन गरी योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन अवस्थाको अनुगमन वार्षिक रुपमा गर्नेछ । अनुगमन समितिले अनुगमन प्रतिवेदन खानेपानी व्यवस्थापन समितिको सचिवालयमा पेश गर्नेछ ।

४१. गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, ईन्जिनियरले र अन्य पदाधिकारी/कर्मचारीहरुले पनि योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन अवस्थाको अनुगमन गर्न सक्नेछन् ।

## परिच्छेद ८

## पुरस्कार तथा दण्ड

४२. गाउँपालिकाले गाउँपालिकाका अन्तर्गतका खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको वार्षिक रुपमा तुलनात्मक मूल्यांकन गर्नेछ । मूल्यांकन अनुसुचि ३ बमोजिमका योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनका सुचकाङ्कहरुको आधारमा हुनेछ ।

४३. दफा ४२ अनुसार वार्षिक मुल्यांकन प्रतिवेदनको आधारमा प्रत्येक वडाबाट एक/एक वटा र गाउँपालिका स्तरमा एक वटा उत्कृष्ट योजना छनौट हुनेछन । उत्कृष्ट सबै योजनाहरुलाई गाउँपालिकाले प्रत्येक वर्ष नगद पुरस्कार प्रदान गर्नेछ । उक्त पुरस्कार मर्मत सम्भार कोषको आम्दानी हुनेछ ।

४४. गाउँपालिकाले निस्कृय उपभोक्ता समितिहरुलाई योजनाको डिजाइन अवधिभित्र (प्राकृतिक विपदको कारणले बाहेक) खानेपानी योजनाका लागि कुनै बजेट विनियोजन गर्न बाध्य हुनेछैन ।

४५. योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको आधारमा प्रत्येक वडाको पनि मूल्यांकन हुनेछ । मूल्यांकनक्रमको आधारमा गाउँपालिकाले बजेट बिनियोजन गर्न सक्नेछ ।

## परिच्छेद ९

## विविध

४६. **बिशेषाधिकार :**

यस निर्देशिकामा भएका दफाहरूको संशोधन गर्ने, स्पष्ट पार्ने तथा व्याख्या गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा रहनेछ ।

४७. **निर्देशिकाको कार्यान्वयन तथा पालना :**

गाउँपालिकाका सबै जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति तथा सम्बद्ध सबैले यो निर्देशिकाको पूर्ण पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

४८. **निष्कृयता :**

यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए पनि तत्काल प्रचलित कानूनसंग बाझिएमा, बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ । सहकारी संस्था नभएको हकमा सहकारी संग सम्बन्धित प्रावधानहरु निष्कृय रहनेछन ।

## अनुसुचि १: खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन कार्यविधि को नमुना

................................................................................................... उपभोक्ता समिति

.......................................................................................................................................

## उपभोक्ता समितिको योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन कार्यविधि, २०७....

**प्रस्तावना**

....................................................... योजनाो आत्मनिर्भर एवं दिगो रुपमा सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको लागि शिवनाथ गाउँपालिकाको योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिकाको परिच्छेद ४ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी, मिति ............. मा .............. घरको प्रतिनिधित्व गर्दै (जम्मा लाभान्वित घरसंख्या .........).......... महिला र ........... पुरुष सहभागी भई वसेको आमभेलावाट पारित गरी यो कार्यविधि लागु गरिएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम “उपभोक्ता समितिको योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन कार्यविधि, २०७......” रहनेछ ।

ख. यो कार्यविधि मिति ........................ (आमभेलावाट पारित भएको मिति) वाट लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क. “समिति” भन्नाले यस उपभोक्ता समितिलाई जनाउँछ ।

ख. “मर्मत सम्भार कार्यकर्ता” भन्नाले यस योजनाको नियमित रेखदेख तथा मर्मत सम्भार गर्नको लागि समितिले नियुक्त गरेको तालीम प्राप्त प्राविधिकलाई जनाउँछ ।

ग. “धारा समूह” भन्नाले धाराको पानीको उचित प्रयोग तथा धाराको सामान्य मर्मत सम्भारको लागि सम्बन्धित धाराका उपभोक्ता घरधुरीमध्येवाट गठित महिलाहरुको समूहलाई जनाउँछ ।

घ “उपभोक्ता” भन्नाले योजना निर्माणमा समेत योगदान गरी धारावाट पानी उपभोग गर्ने व्यक्ति वा योजनामा निर्माणमा सहभागि नभै निर्माण सम्पन्न भएपछि उपभोक्ता समितिको निर्णय वमोजिम समावेश भएको व्यक्तिलाई जनाउँछ ।

ङ. “मर्मत सम्भार कार्ययोजना” भन्नाले योजनाको नियमित रेखदेख, सम्भार तथा मर्मतको लागि उपभोक्ता भेलाद्वारा पारित गरिएको जिम्मेवारी सहितको कार्ययोजनालाई जनाउँछ ।

च. “पानी सुरक्षा योजना” भन्नाले योजनाको मुहान, संरचनाहरु, पाइपलाइन तथा घरेलुस्तरमा पानीको भण्डारण समेतमा हुनसक्ने पानीको प्रदुषणको सम्भावना (जोखिम) लाई अग्रीम रुपमा पहिचान गरी सो हुन नदिनको लागि गर्नुपर्ने प्रतिरोधात्मक कार्यहरुको विवरणलाई जनाउँछ ।

छ. “आमभेला” भन्नाले खानेपानी योजनावाट लाभान्वित हुने कुल घरधुरीको कम्तिमा ७५ प्रतिशत घरहरुवाट प्रतिनिधित्व भएको तथा जम्मा उपस्थित संख्याको कम्तिमा ५०% महिला सहभागि भएको भेलालाई जनाउँछ ।

### परिच्छेद २

### समन्वय तथा संस्थागत व्यवस्था

३. समितिमा जम्मा ....... सदस्यहरु हुनेछन्, जसमा कम्तिमा ३३% महिलाको सहभागिता अनिवार्य गरिएको छ । साथै योजनावाट लाभान्वित भएको सवै क्षेत्र, वर्ग तथा जातीय समुदायवाट समितिमा समानुपातिक प्रतिनिधित्व हुनेछ ।

४. समितिको बैठक नियमित रुपमा कम्तिमा महिनाको एकपटक वस्नेछ ।

५. हरेक वर्ष समितिले उपभोक्ता सदस्यहरुलाई सहभागी गराई वार्षिक साधारण सभा आयोजना गर्नेछ । समितिले उक्त साधारण सभामा वार्षिक प्रतिवेदन तथा आर्थिक प्रतिवेदन पेश गरी सार्वजनिक परिक्षण गराउनेछ ।

६. वार्षिक साधारण सभामा समितिको वार्षिक तथा आर्थिक प्रतिवेदन पेश गर्नुअघि समितिको बैठक वसी छलफल गरिनेछ। बैठकद्वारा पारित गरिएको आर्थिक तथा प्रगती प्रतिवेदन आमभेलामा पेश गरी अनुमोदन गराइनेछ। समितिको निर्वाचन वार्षिक साधारण सभाको माध्यमवाट गरिनेछ।

७. सवै बैठक तथा भेलाहरुको निर्णय समितिको निर्णय पुस्तिकामा लेखिनेछ।

८. प्रतिवेदनः समितिले योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन अवस्थाको वारेमा मासिक रुपमा वडा कार्यालयमा तथा बोधार्थ आवद्ध भएको सहकारी संस्था र खानेपानी तथा सरसफाइ उपभोक्ता सञ्जाल, गाउँपालिका शाखामा पेश गर्नेछ। वार्षिक साधारण सभाको प्रतिवेदनको एक एक प्रति सम्बन्धित गाउँपालिका तथा सम्बद्ध सहकारी संस्थामा पेश गर्नेछ। समितिले उक्त निकायहरुलाई योजनाको विषेश अवस्थाको वारेमा प्रतिवेदन दिनु परेमा आवश्यक परेको वेलामा उक्त प्रतिवेदन दिनेछ।

९. लेखा व्यवस्थापन तथा दस्तावेजीकरणः समितिले योजनाको सञ्चालन तथा मर्मत सम्भार कोषको लेखा, निर्माण सामग्री, जगेडा पार्टपुर्जा तथा औजार लगायतका जिन्सी सामग्रीहरुको श्रेस्ता, बैठक निर्णय पुस्तिका, आगन्तुक पुस्तिका लगायतका अन्य खातापाताहरुको व्यवस्थापन चुस्तदुस्त रुपमा गर्नेछ।समितिले तोकेको अवधिमा सार्वजनिक परिक्षण तथा सुनुवाई गर्नु पर्नेछ

१०. समन्वयः समितिले योजनाको सञ्चालन तथा मर्मत सम्भार कार्यको लागि खानेपानी तथा सरसफाई उपभोक्ता सञ्जालको सक्रिय सदस्यको रुपमा भूमिका निर्वाह गर्नेछ। उपभोक्ता सदस्यहरुलाई कृषि विकास, भूसंरक्षण तथा अन्य प्राविधिक सहयोगको लागि खानेपानी तथा सरसफाई उपभोक्ता सञ्जाल, लगायतका अन्य विषयगत कार्यालयहरुसंग नियमित सम्पर्क तथा समन्वय कायम गरी सहयोग प्राप्त गर्ने तर्फ पहल गर्नेछ।

११. योजनामा स्थानीय स्तरमा समाधान गर्न नसक्ने गरी समस्या देखा परेमा वडा कार्यालयमा सहयोगको लागि अनुरोध गर्नेछ। वडा स्तरमा समेत सामाधान हुन नसक्ने भएमा गाउँपालिकालाई सहयोगार्थ अनुरोध गर्न सक्नेछ।

## परिच्छेद ३

## योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन

१२. समितिले योजनाको नियमित मर्मत तथा सम्भार गरी योजनावाट प्राप्त हुने नियमित सेवालाई सुनिश्चित गर्नको लागि एक मर्मत सम्भार कार्ययोजना वनाउनेछ। उक्त कार्ययोजना वार्षिक साधारण सभा वा आमभेलाले सिफारिस गरे वमोजिम नियमित रुपमा अद्यावधिक हुनेछ।

१३. समितिले तयार गरेको सञ्चालन तथा मर्मत सम्भार कार्ययोजनाको सवै उपभोक्ताहरुले पालना गर्नेछन्। उक्त कार्ययोजना यसै कार्यविधिको एक अंशको रुपमा रहनेछ।

१४. योजना निर्माण पश्चात योजना क्षेत्रमा बाँकी रहन गएका पाईप, फिटीङ्ग, औजार तथा निर्माण सामाग्रीहरुमध्ये भविष्यमा योजनाको मर्मत सम्भार कार्यमा आवश्यक पर्न जाने सामाग्रीहरु समितिले अलग गरी लगत खडा गर्नेछ। अन्य (भविष्यमा मर्मत सम्भारको लागि प्रयोग हुन नसक्ने) सामाग्रीहरु बाँकी रहन गएमा उक्त सामाग्रीहरु समितिले बिक्रि गरी आएको रकम मर्मत सम्भार कोषमा आम्दानी बाँध्ने वा गाउँपालिकाको निर्णय/निर्देशन वमोजिम अन्य योजनाहरुलाई हस्तान्तरण गर्न सक्नेछ। समितिले कम्तिमा वर्षको एक पटक औजारहरुको अवस्था जाँच गरी आवश्यकता अनुसार नयाँ औजारहरुको व्यवस्थापन गर्नेछ।

१५. समितिले योजनाको लागि आवश्यक पर्ने सवै औजारहरु समितिले तोकेको सदस्यको मातहतमा रहने गरी सुरक्षित रुपमा भण्डारण गरी राख्ने व्यवस्था मिलाउनेछ। योजना मर्मतको समयमा मर्मत सम्भार कार्यकर्ताले उक्त औजारहरु सम्बन्धित जिम्मेवार व्यक्तिवाट भरपाई गरी वुझिलिई काम सम्पन्न भएपश्चात तुरुन्त भण्डारमा नै दाखिला गर्नुपर्नेछ। लापरवाही गरी औजारहरु हराएमा वा टुटफुट भएमा सम्बन्धित व्यक्तिवाट समितिले सोधभर्ना लिनेछ।

१६. समितिले टुटफुट भैरहने वा वदलिरहनु पर्ने पार्टपुर्जाहरुको न्यूनतम मौज्दात जगेडा राख्नेछ। खर्च भैसकेपछि यथासक्य चाँडो उक्त पार्टपूर्जाहरुको पूर्ति गरिनेछ। (समितिले धारामा लाग्ने पार्टपूर्जाहरुको रकम समेत उपभोक्तावाट उठाउन सक्नेछ।)

१७. समितिले योजनाको आवश्यक मर्मत सम्भारको लागि आवश्यक पर्ने पार्टपूर्जाहरु तथा औजारहरु खरिद गर्दा आवश्यक सामाग्रीको सूची तयार गर्नेछ। समितिले प्रचलित खरिद प्रकृया अपनाई उक्त सूची अनुसार निर्धारित गुणस्तर वमोजिमको सामान खरिद गर्नेछ।

१८. समितिले खानेपानी योजनाका धाराहरुको उचित सम्भार तथा सामान्य मर्मतको लागि लाभान्वित घरधुरीवाट एक एक जनाको प्रतिनिधित्व हुने गरी महिलाहरुको धारा समूह गठन गर्न सहयोग गर्नेछ। उक्त समूहले पानीको उचित प्रयोग गर्ने, प्रयोग नभएको अवश्थामा धाराहरु वन्द गर्ने, धारा तथा सो को वरिपरि सरसफाई गर्ने, धाराको टुटी विग्रेमा सो को मर्मत गर्ने वासर फेर्ने, योजनाको अन्य सामान्य मर्मत गर्ने तथा घरवारी व्यवस्थापन तथा पूर्ण सरसफाइ प्रबर्द्धनका कार्य गर्नेछ। यसका साथै धारा समूहले पानीको निकास जाने नालीको व्यवस्था गर्ने, डिजाइन भन्दा बढि पानीको उपयोगमा रोक लगाउने तथा पानीको सही सदुपयोग र संरक्षणको सचेतना जगाउने कार्य गर्नेछ। साथै खेर गएको पानी संकलन गरी घरवारी व्यवस्थापनका कार्यहरु गर्नेछ।

१९. अनावश्यक रुपमा पानीको अत्याधिक भण्डारण गर्ने, अरु धाराहरुमा असर पर्ने गरी तरकारी/सिँचाई आदिमा प्रयोग गर्न पाईने छैन । तर विषेश अवस्थामा विवाह/व्रतवन्ध/धार्मिक/साँस्कृतिक कार्यहरुको लागि समितिले अतिरिक्त समयमा रु...........शुल्क लिई वा सित्तैमा पानी उपलव्ध गराउने व्यवस्था गर्न सक्नेछ ।

२०. जरिवानाः समितिले निम्न अवस्थामा उपभोक्ताहरुवाट जरिवाना उठाउने वा अन्य कार्यवाही गर्न सक्नेछ । यसरी उठेको जरिवाना रकम मर्मत सम्भार कोषमा जम्मा हुनेछ । समिति र मर्मत सम्भार कार्यकर्ताका साथै धारा समूहहरुले योजनाको सदुपयोग गर्न, टुटफुट हुन नदिनको लागि रेखदेख तथा अनुगमन गर्नेछन् ।

क. धाराको टुटी विग्रेमा धारा समूहले परल मूल्य तिरी समितिवाट धारा टुटी प्राप्त गर्नेछ । विग्रेको दुई दिन भित्र टुटी मर्मत नगरेमा वा नयाँ टुटी नबदलेमा समितिले सो धाराको पानी वन्द गर्न सक्नेछ ।

ख. प्रयोग नभएको अवश्थामा धारा खुल्लै छोडेको पाइएमा पहिलो पटक चेतावनी दिनेछ र पुनः यसो भएको पाइएमा धारा काटिनेछ । काटिएको धारा पुन जडान गर्न धारा समूहले समितिमा आइन्दा यसो नगर्ने प्रतिवद्धता सहित निवेदन दिनुपर्नेछ र समितिले रु. ....... जरिवाना लिई धारा पुनः जडान गरिदिनेछ ।

ग. धाराको टुटीमा पाइप लगाई घरसम्म पानी लैजाने वा टी जडान गर्न पाइनेछैन । कुनै उपभोक्ताले यसो गरेको पाइएमा समितिले पहिलो पटक चेतावनी दिई सो कार्यमा प्रयोग भएको पाइप नियन्त्रणमा लिनेछ । पुनः सो कार्य गरेको पाइएमा धारा काटिनेछ । काटिएको धारा पुन जडान गर्न धारा समूहले समितिमा आइन्दा यसो नगर्ने प्रतिवद्धता सहित निवेदन दिनुपर्नेछ र समितिले रु. ....... जरिवाना लिई धारा पुनः जडान गरिदिनेछ ।

घ. कुनै धारामा उक्त पानीको वहाव नियन्त्रण गर्ने भल्व अनाधिकृत रुपमा चलाई बढि पानी निकालेको पाइएमा वा संरचनाहरुको गेट भल्व लगायत फिटीङ्गस्हरु अनाधिकृत रुपमा चलाएको पाइएमा पहिलोपटक रु........... , दोश्रो पटक रु ............ र तेश्रो पटक रु. ........... जरिवाना गरिनेछ । पटक पटक यस्तो कार्य भएको पाइएमा धारा काटिनेछ । यसरी धारा काटिएमा माथिल्लो उपदफा वमोजिमको प्रकृया अपनाई पुनः जडान गराउन सक्नेछ । यसरी अनाधिकृत रुपमा फिटीङ्गस्हरु चलाउँदा टुटफुट हुन गएमा विगो भराई विगो वरावर थप जरिवाना गरिनेछ ।

ङ. समितिको कार्यक्षेत्र भित्रका व्यक्तिले योजनाका संरचनाहरु, तारवार, पोल, गेट आदि भत्काएमा वा नोक्सानी गरेमा वा पाइपलाइन काटेमा समितिले नोक्सानी भए वरावरको विगो भराइ विगो वरावर थप जरिवाना गर्नेछ ।

च समितिको कार्यक्षेत्र भन्दा वाहिरका व्यक्तिहरुले योजनाको संरचनाहरुमा हानी नोक्सानी पुऱ्याएको पाइएमा समितिले सम्बन्धित गाउँपालिका/अन्य निकायमा उजुरी दिई प्रचलित कानून वमोजिम उक्त नोक्सानीको क्षतीपूर्ति भराई लिनेछ ।

छ. समितिले तयार गरी आमभेलावाट पारित भएको सञ्चालन तथा मर्मत सम्भार कार्ययोजना वमोजिमको जिम्मेवारी सवै सम्बन्धित उपभोक्ताहरुले पालना गर्नुपर्दछ । यदि कसैले उक्त कार्ययोजना पालना नगरेमा वा समितिले आव्हान गरे वमोजिम श्रमदान नगरेमा समितिले प्रतिदिन प्रतिव्यक्ति रु. ......... का दरले जरिवाना असुल गर्नेछ ।

२१. इन्टेक/श्रोत तथा अन्य संरचना संरक्षण

क. समितिले इन्टेक/श्रोत संरक्षण तथा वातावरण संरक्षण गर्ने कार्यलाई प्रवर्द्धन गर्नेछ । विषेशतः प्रयोग भएको श्रोतको जलाधार क्षेत्रको संरक्षणमा विषेश ध्यान दिइनेछ । इन्टेकको नियमित सफाइ गर्ने तथा पानीका श्रोत वरिपरि वृक्षारोपण गर्ने एवं श्रोतको सुरक्षाका लागि श्रोतभन्दा माथिल्लो धरातलमा रहेका घरपरिवारहरुलाई फोहरको सुरक्षित विषर्जन तथा शौचालयको प्रयोग गर्ने र श्रोत वरिपरि सफा राख्नको लागि पहल गर्नेछ ।

ख. समितिले श्रोतमा पानीको बहावलाई कायम राख्न पानी पुनर्भरण सम्बन्धि कृयाकलापहरु प्राथमिकताका साथ गर्नेछ ।

ख. एकपटक पुरिएको पाइपलाइन पुनः धसिने भएकोले समितिले समुदाय परिचालन गरी उक्त पाइपलाइनलाई पुनः पुर्ने र उक्त पाइपलाइन रुटमा घाँस रोप्ने व्यवस्था मिलाउनेछ ।

ग. समितिले पानी पोखरी, सी.सी, डि.सी. तथा अन्य संरचनाहरुको सुरक्षाको लागि टेवा पर्खाल/केतुकी/रम्बाँस आदि स्थानीय प्रजातीका वोटविरुवा लगाउने र तारवारहरुको सुरक्षा गर्ने कार्यमा उपभोक्ताहरुलाई परिचालन गर्नेछ ।

२२. समितिले योजनावाट वितरित पानीलाई सुरक्षित गर्नको लागि सवै उपभोक्ताहरुको सहभागितामा पानी सुरक्षा योजना तयार गर्नेछ । उक्त योजना अनुसार जिम्मेवारी पाएका हरेक सदस्य तथा उपभोक्ताले आफ्नो जिम्मेवारी निर्दिष्ट गरिएको समयमा पुरा गर्नुपर्नेछ । समितिले पानी सुरक्षा योजनाको समिक्षा/अनुगमन एवं संशोधन समितिको बैठक तथा आवश्यकता अनुसार आमभेला मार्फत गर्नेछ । समितिले समुदायमा स्वास्थ्यको महत्वको वारेमा जनचेतना जगाउने तथा हात धुने, थापेर ल्याइएको पानीको सुरक्षित किसिमले चलन गर्ने र पानी शुद्धिकरण लगायत पानी सुरक्षा योजनामा उल्लेख भएका अन्य क्रियाकलापहरु सञ्चालनको प्रवर्द्धन गर्नेछ ।

२३. समितिले योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा आवश्यक सहयोगको लागि मर्मत सम्भार कार्यकर्ता छनौट गरी तालीमको व्यवस्था मिलाउनेछ । मर्मत सम्भार कार्यकर्ता छनौट गर्दा त्यसका आधारहरु तथा प्रकृयाको वारेमा समुदायलाई जानकारी गराउनेछ र आवश्यकता अनुसार त्यसमा संसोधन गर्नेछ ।

क. मर्मत सम्भार कार्यकर्ता छनौट गर्ने आधारहरु निम्न अनुसार तय गरिएको छ ।

१) स्थानीय तथा उपभोक्ता घरधुरी भित्रको

२) १८ वर्ष पुरा भई ५८ वर्ष उमेर ननाघेको

३) महिला तथा पिछडिएको वर्गलाई प्राथमीकता

४) सामाजिक सेवाको भावना भएको

५) गाउँपालिका वाहिर काममा जाने योजना नभएको

६) ................................

ख. छनौट प्रक्रिया

१) समितिले इच्छुक व्यक्तिको सूची तयार गरी अन्तरवार्ता लिई योग्य व्यक्तिलाई अनुमोदनको लागि आमभेलामा पेश गर्नेछ ।

२) छनौट भएको व्यक्तिको काम गर्ने सम्बन्धी लिखित प्रतिवद्धता लिइनेछ ।

३) तालिमको ब्यवस्था समितिले मिलाउनेछ ।

४) समितिले सेवाका शर्तहरु तथा पारिश्रमिक समेत उल्लेख गरी नियुक्ती पत्र दिएर मात्र मर्मत सम्भार कार्यकर्तालाई काममा लगाउनेछ ।

२४. मर्मत सम्भार कार्यकर्ताको मासिक/वार्षिक पारिश्रमिक रु. ...........(अक्षेरेपी ....................) वा समितिले निर्णय गरे वमोजिम हुनेछ । मर्मत सम्भार कार्यकर्ताको पारिश्रमिक समितिले मात्र भुक्तानी गर्नेछ ।

२५. योजना सञ्चालन तथा मर्मत सम्भारमा मर्मत सम्भार कार्यकर्ताको भूमिका र जिम्मेवारी निम्न अनुसार हुनेछ,

१. समितिको बैठकमा नियमित रुपमा भाग लिई योजनाको अवस्था वारे जानकारी दिने,

२. योजनाका औजार तथा सामाग्रीहरुको उचित प्रयोग र सम्भार गर्ने,

३. योजनाको मुहान देखि धारासम्म नियमित रुपमा निरीक्षण गर्ने,

४. योजनाको सञ्चालन अवस्था अनुगमनमा नियमित रुपमा सहभागी हुने

५. टंकीहरुमा भएका भल्भ र फिटीङ्गहरुको नियमित निरीक्षण गर्ने,

६. साना तिना मर्मत कार्य गर्ने र ठूलो मर्मत गर्नुपर्ने भएमा उपभोक्ताहरुको तथा अन्य वाह्य प्राविधिकहरुको सहयोग समिति मार्फत माग गरी सम्पन्न गर्ने,

७. योजनाका सवै अङ्गहरुको नियमित सरसफाइ गर्ने,

८. महिला धारा समुहहरुलाई आवश्यक सहयोग गर्ने,

९. योजना संभारका लागि समुदायका महिलाहरुलाई उत्प्रेरित गर्ने,

१०. मुहान वरिपरिको रुख विरुवाको संरक्षण र वृक्षारोपणका लागि समिति र गाउँलेहरुलाई उत्प्रेरित गर्ने,

११. मर्मत सम्भार कार्य योजना अनुसार आफ्नो जिम्मेवारी पूर्ण रुपमा निर्वाह गर्ने र समुदायका सदस्यहरुलाई गर्न उत्प्रेरित गर्ने,

१२. चर्पी निर्माण, प्रयोग र संभारका लागि गाउँलेहरुलाई सचेत गराउने,

१३. खासगरि वर्षा याममा मुहानको रेखदेख र सरसफाई बढि गर्ने,

१४. योजनाको आत्मनिर्भर र दिगो सञ्चालनका लागि समितिको सल्लाह वमोजिम आवश्यक अन्य कार्यहरु गर्ने,

१५. समितिको परामर्शमा “पानी सुरक्षा योजना” कार्यान्वयन गर्नमा अगुवाई गर्ने,

१६. धारावाट खेर गएको पानीलाई करेसावारीमा उपयोग गर्न समुदायलाई सल्लाह दिने,

२६. समितिले सार्वजनिक धारा प्रणाली भएको खानेपानी तथा सरसफाइ योजनामा समितिले पानी शुल्क वापत प्रति घर रु.................. मासिक रुपमा उठाउनेछ ।

२७. निजी धारा प्रणाली भएको खानेपानी तथा सरसफाइ योजनामा मिटर जडान गर्नुपर्नेछ । सो प्रकारको योजनामा कम्तिमा निम्नानुसार पानी शुल्क लाग्नेछ ।

क. १० युनिट (१० हजार लिटर) सम्मको रु ...........
ख. १० युनिट भन्दा माथि प्रति युनिटको पानी शुल्क निम्नानुसार लाग्नेछ ।

- १० युनिट सम्म प्रति युनिट रु .......
- ११ देखि १५ युनिट सम्म प्रति युनिट रु .......
- १६ देखि २० युनिट सम्म प्रति युनिट रु .......
- २१ देखि २५ युनिट सम्म प्रति युनिट रु .......
- २६ युनिट भन्दा माथि प्रति युनिट रु .......

ग. गाउँपालिकाले दफा २७ को 'क' मा उल्लेखित पानी शुल्क दरमा फरक निर्धारण गरेमा सोही बमोजिम हुनेछ ।

घ. निजि धारा प्रणालीमा सार्बजनिक धारा भएमा पनि मिटर जडान अनिबार्य हुनेछ र पानी उपभोग गर्ने घरधुरीहरुले दामासाहिबाट शुल्क उठाउनु पर्नेछ ।

२८. प्रत्येक उपभोक्ताहरुको लागि समितिले पानी महसुल कार्डको व्यवस्था गर्नेछ । शुरुमा पानी महसुल कार्ड लिनको लागि उपभोक्ताहरुले रु ५० तिर्नेछ र हराएमा अर्को कार्ड लिन रु १०० तिर्नु पर्नेछ ।

२९. उपभोक्ताहरुले पानी शुल्क वापतको रकम हरेक महिनाको ......... गते -अर्को महिनाको पहिलो हप्ता भित्र) भित्र जम्मा गर्नेछन् । उक्त मिति भित्र पानी शुल्क नवुझाउनेलाई प्रति दिन रु. ........... का दरले विलम्ब शुल्क लाग्नेछ । अग्रीम रुपमा पानी शुल्क बुझाउनेलाई समितिले ....... % छुट दिईनेछ ।

३०. उठेको पानी शुल्कको ......प्रतिशत प्रत्येक उपभोक्ता समितिले गाउँपालिकाको मर्मत कोषका लागी जम्मा गर्नुपर्नेछ ।

३१. समितिले मर्मत सम्भार कोष बृद्धिका लागि सहकारीमा आबद्ध भई खाता खोल्नेछ । समितिले योजनाको नियमित तथा आपतकालीन मर्मत कार्यको लागि न्यूनतम रु. .......... सहकारीमा मौज्दात राख्ने गरी बाँकी सबै पूँजी सहकारी मार्फत नियमानुसारको ब्याज दरमा लगानी गर्ने छ ।

३२. मर्मत सम्भार कोषको अभिवृद्धि गर्नको लागि समितिले विभिन्न अवसरहरुमा देउसी, भैलो, होली, देउडा, सांस्कृतिक कार्यक्रम लगायतका रचनात्मक कृयाकलापहरुको आयोजना गरेर रकम संकलन गर्नेछ । समितिले योजनामा रहेका औजारहरु भाडामा दिएर, तथा योजनामा अध्ययन भ्रमणको लागि आउने टोलीहरुवाट तोकिएको भ्रमण शुल्क लिएर समेत मर्मत सम्भार कोषमा जम्मा गर्न सक्नेछ । साथै पानी शुल्क भुक्तानी कार्ड उपभोक्ताहरुलाई बिक्री तथा पुनर्बिक्री, उपभोक्ताहरुबाट संकलित दण्ड जरिवाना, हर्जना आदि वाफतको प्राप्त रकम पनि मर्मत सम्भार कोषको आम्दानी हुनेछ । समितिले प्राप्त गर्ने पुरस्कार तथा अनुदान पनि योजनाको मर्मत सम्भार कोषको आम्दानी हुनेछ ।

३३. समितिमा रहेको कोषले नपुग्ने गरी ठूलो खालको मर्मत गर्नुपरेको खण्डमा आमभेलाले निर्णय गरे वमोजिम लाभान्वित घरसंख्याको आधारमा समानुपातिक रुपमा योजनाको मर्मतको लागि योगदान गर्नेछन् ।

३४. समितिले गाउँपालिका स्तरीय योजना सञ्चालन तथा मर्मत सम्भार कोष स्थापनाको लागि गाउँपालिका को योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिका अनुसार आवश्यक कार्य गर्नेछ ।

३५. माथि दफाहरुमा जुन सुकै कुरा लेखिएको भएता पनि योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गाउँपालिकाको योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिका बमोजिम हुनेछ ।

## परिच्छेद ४

## सेवा सुधार तथा विस्तार

३६. समिति योजनाको प्राविधिक सिमीतताको वारेमा सचेत रहेको छ । योजनामा थप धाराहरु जडान भएमा तथा उल्लेख्य संख्यामा उपभोक्ताहरु थपिन गएमा योजनाले लक्ष्य अनुसार सेवा प्रदान गर्न नसक्ने कुरालाई ध्यानमा राखि समितिले योजनामा डिजाइन भै निर्माण भएको धारा वाहेक नयाँ धारा थप गर्नेछैन साथै कुनै पनि हालतमा सार्वजनिक धारा व्यवस्थापन भएको योजनावाट नीजि धारा जडान गर्नेछैन ।

३७. नयाँ वसाइ सरी आउने वा पहिला योजनामा सहभागि नभई निर्माण सम्पन्न भएपछि सेवा प्राप्त गर्न चाहने घरहरुको लागि समितिले रु. ............... लिई सार्वजनिक धारावाट पानी उपभोग गर्न अनुमति दिन सक्नेछ ।

३८. दफा ३६ मा जेसुकै उल्लेख गरिएको भए पनि योजनाको सुविधा स्तर बृद्धिको लागि सार्वजनिक धारा प्रणालीलाई निजी धारा प्रणालीमा स्तरोन्नती गर्न प्राविधिक तथा सामाजिक दृटिकोणबाट उपयुक्त ठहरिएमा गाउँपालिकालाई आवश्यक सहयोगको लागि समितिले अनुरोध गर्न सक्नेछ ।

## परिच्छेद ५

## अनुगमन तथा प्रतिवेदन

३९. समितिले योजनाको सञ्चालन अवस्था पहिचान गर्न  खानेपानी सुरक्षा टोलीलाई तोक्नेछ । खानेपानी सुरक्षा टोलीले योजनाको सञ्चालन अवस्था पहिचान गर्न मुहान देखि धारा सम्म नियमित अनुगमन गर्नेछ ।

४०. दफा ३९ मा उल्लेखित अनुगमन मासिक रुपमा समितिको बैठक बस्नु भन्दा पहिले गर्नेछ । समतिले बैठकमा अनुगनमा देखिएका बिषयवस्तुहरुको बारेमा समिक्षा गर्नेछ र यदि समस्या देखिएमा समाधानका उपयाहरुबारे छलफल तथा निर्णय गर्नेछ ।

४१. समितिको प्रतिवेदन पद्धति दफा परिच्छेद १ दफा ८ बमोजिम हुनेछ ।

## परिच्छेद ६

## सरसफाइ, स्वच्छता तथा घरवारी व्यवस्थापन

४२. समितिले शौचालय, भाडा सुकाउने चाङ्ग, फोहर फाल्ने खाडल, धुँवा रहित चुल्हो, गोवरग्याँस प्लान्ट आदि निर्माण तथा उपयुक्त प्रयोग गर्नको लागि उपभोक्ताहरुलाई उत्प्रेरित गर्नेछ । साथै पूर्ण सरसफाइ प्रबर्द्धन तथा महिनावारी स्वच्छता व्यवस्थापनको बाधकको रुपमा रहेको छाउपडी कुसंसकार  बिरुद्ध समितिले अभियानहरु सञ्चालन गरी महिनावारी भएको बेला चर्पी तथा धारा प्रयोगमा पहुँच अभिबृद्धि गर्नेछ ।

४३. समितिले व्यक्तिगत, घरायसी तथा वातावरणीय सरसफाइ तथा स्वच्छता सम्बन्धी व्यवहार तथा सुरक्षित रुपमा पानीको चलन गर्ने व्यवहारको नियमित रुपमा अनुगमन गर्ने व्यवस्था मिलाउनेछ । जसको लागि महिला धारा समुह तथा अन्य महिला सञ्जालहरुको परिचालन एवं नियमित अन्तरक्रिया गर्ने कार्यलाई निरन्तरता दिनेछ ।

४४. समितिले प्रत्येक घरमा खेर गएको पानी संकलन गर्ने ट्यांकी/खाडल निर्माण गरी घरवारी व्यवस्थापनमा प्रयोग गर्न सबै उपभोक्ताहरुलाई उत्प्रेरित गर्नेछ । सो नगर्ने घरपरिवारलाई रु ५० प्रति महिनाका दरले जरिवाना लगाईनेछ ।

## परिच्छेद ७

## विविध

४५. बिशेषाधिकार : यस कार्यविधिमा भएका नियमहरूको संशोधन गर्ने, स्पष्ट पार्ने तथा व्याख्या गर्ने सम्पूर्ण अधिकार आमभेलामा रहनेछ ।

४६. निर्णय कार्यान्वयन : समितिले समय समयमा गरेका निर्णयहरुको पालना गर्नु सम्पूर्ण उपभोक्ताहरुको कर्तव्य हुनेछ ।

४७. निष्कृयता : यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए पनि तत्काल प्रचलित कानून तथा समितिको विधानसंग बाभिmएमा बाभिmएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

४८. विनियम बनाउने : समितिको विधान र यस कार्यविधिको अधिनमा रही समितिले योजनाका कृयाकलापलाई अझ स्पष्ट, पारदर्शी र नियमित गराउन विनियम वनाई लागु गर्न सक्नेछ ।

**कार्यविधि सम्बन्धमाः**

- यो कार्यविधि आफ्नो योजनाको दिगो तथा नियमित मर्मत सम्भार गर्नको लागि संस्थागत रुपमा नियम वनाई लागु गराउने कार्यमा सहयोग गर्न नमूनाको रुपमा  उपलब्ध गराइएको छ । उपभोक्ता समितिले यस कार्यविधिको गहन रुपमा अध्ययन गरी आफ्नो समितिलाई व्यवस्थित वनाई राख्न गाउँपालिकाको निर्देशिका अनुसार नियमहरु वनाउनु पर्छ भन्ने विषयमा छलफल गरी निर्णय गर्नुपर्दछ ।
- उक्त नियमहरु वनाउदा यस कार्यविधिमा दिइएका दफा, उपदफाहरुमा परिवर्तन नगरी सो मा भएका नियमहरुलाई गाउँपालिकाको निर्देशिकासंग नबाभिmने गरी आफ्नो आवश्यकता अनुसार परिवर्तन गर्न सकिन्छ । उपभोक्ता समितिको बैठकले कार्यविधिलाई अन्तिम रुप दिईसकेपछि यस कार्यविधिलाई आमभेलामा पेश गर्नुपर्दछ ।
- आमभेलावाट पारित भएपछि यो कार्यविधि कानूनको रुपमा उपभोक्ता समुदायमा लागु हुन्छ ।
- पारित भएको कार्यविधिको एक एक प्रति खानेपानी व्यवस्थापन समिति, आवद्ध भएको सहकारी र खानेपानी तथा सरसफाइ उपभोक्ता सञ्जालमा जानकारीको लागि पठाउनु पर्दछ ।
- हरेक वार्षिक साधारण सभामा यस कार्यविधिमा संसोधन गर्नुपर्ने आवश्यक भएमा गाउँपालिकाको निर्देशिका संग नबाभिmने गरी संसोधन गर्न सकिनेछ र संसोधन गरिएको कार्यविधि खानेपानी व्यवस्थापन समिति, आवद्ध भएको सहकारी र खानेपानी तथा सरसफाइ उपभोक्ता सञ्जालमा जानकारीको लागि पठाउनु पर्दछ ।

........................ गाउँपालिका

..............................................

## अनुसुचि २: योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन अवस्थाको मासिक प्रतिवेदन फाराम

**उपभोक्ता समितिले पेश गर्ने**

...................उपभोक्ता समिति

......वडा नं..........................................गाउँपालिका,.....................जिल्ला

**योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन अवस्थाको त्रैमासिक प्रतिवेदन**

त्रैमासिक अवधि:.................................

साल:...........................

| क्र.सं. | सुचकांक | सुचक | अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | **योजनाको सञ्चालन अवस्था** | | | |
| | पूर्ण रुपमा सञ्चालित | छ | | |
| | आंशिक रुपमा सञ्चालित | छ | | |
| | बन्द | छ | | |
| २ | **उपभोक्ता समिति दर्ता तथा नवीकरण** | भएको छ/छैन | | |
| ३ | **उपभोक्ता समितमा पूर्णता** | छ/छैन | | |
| ४ | **उपभोक्ता समितिको नियमित बैठक** | | | |
| | नियमित | बस्ने गरेको छ | | |
| | आवश्यकता अनुसार | बस्ने गरेको छ | | |
| | कहिले पनि बस्दैन | √ | | |
| ५ | **मर्मत सम्भार कार्यकर्ताको नियुक्ति तथा परिचालन** | भएको छ/छैन | | |
| ६ | **सञ्चालन तथा मर्मत सम्भार कार्यविधिको पालना** | भएको छ/छैन | | |
| ७ | **पानी सुरक्षा योजना कार्यान्वयन** | भएको छ/छैन | | |
| ८ | **बार्षिक साधार सभा** | भएको छ/छैन | | |
| ९ | **जगेडा पार्टपुर्जाको व्यवस्थापन** | छ/छैन | | |
| १० | **सञ्चालन तथा मर्मत सम्भार कार्य योजना तथा पानी सुरक्षा योजनाको वार्षिक समिक्षा तथा पुनरावलोकन** | | | |
| | दुबै | भएको छ/छैन | | |
| | सञ्चालन तथा मर्मत सम्भार कार्य योजना मात्र | भएको छ/छैन | | |
| | पानी सुरक्षा योजनाको वार्षिक समिक्षा तथा पुनरावलोकन | भएको छ/छैन | | |
| | कुनै पनि नभएको | √ | | |
| ११ | **लेखा व्यवस्थापन तथा दस्तावेजीकरण** | | | |
| | राम्रो | छ | | |
| | मध्यम | छ | | |
| | कमजोर | छ | | |
| १२ | **सहकारीमा संस्थामा आबद्धता** | भएको छ/छैन | | |
| १३ | **सकृय मर्मत सम्भार कोष र नियमित पानी महसुल संकलन** | छ/छैन | | |
| १४ | **सकृय मर्मत सम्भार कोषको अवस्था** | | | |
| | स्थानीय स्तरमा लगानी | रु | | |

| | | | | |
|---|---|---|---|---|
| | नगद | रु | | |
| | बैक | रु | | |
| | सहकारी संस्था | रु | | |
| | जम्मा | रु | | |
| **१५** | **परिमाण, पहुँच, बिश्वसनीयता, गुणस्तर** | छ/छैन | | |

प्रतिवेदन तयार पार्नेः
..............................
नामः........................
सचिव
मितिः.................

प्रमाणित तथा पेश गर्ने
..............................
नामः........................
अध्यक्ष
मितिः.................

## वडा कार्यालयले पेश गर्ने

.........................................गाउँपालिका
वडा नं.........................................को कार्यालय,.....................जिल्ला

### योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन अवस्थाको अर्धवार्षिक प्रतिवेदन

अर्धवार्षिक अवधिः.........................(पहिलो/दोस्रो)

प्रतिवेदन पेश गर्ने महिनाः................................ सालः..........................

| क्र. सं. | सुचकांक | सुचक | योजनागत अवस्था | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ...........योजना | ...........योजना | ...........योजना | ...........योजना | ...........योजना | ...........योजना | |
| १ | **योजनाको सञ्चालन अवस्था** | | | | | | | | |
| | पूर्ण रुपमा सञ्चालित | छ/छैन | | | | | | | |
| | आंशिक रुपमा सञ्चालित | छ/छैन | | | | | | | |
| | बन्द | छ/छैन | | | | | | | |
| २ | **उपभोक्ता समिति दर्ता तथा नवीकरण** | भएको छ/छैन | | | | | | | |
| ३ | **उपभोक्ता समितमा पूर्णता** | छ/छैन | | | | | | | |
| ४ | **उपभोक्ता समितिको नियमित बैठक** | | | | | | | | |
| | नियमित | बस्ने गरेको छ | | | | | | | |
| | आवश्यकता अनुसार | बस्ने गरेको छ | | | | | | | |
| | कहिले पनि बस्दैन | √ | | | | | | | |
| ५ | **मर्मत सम्भार कार्यकर्ताको नियुक्ति तथा परिचालन** | भएको छ/छैन | | | | | | | |
| ६ | **सञ्चालन तथा मर्मत सम्भार कार्यविधिको पालना** | भएको छ/छैन | | | | | | | |
| ७ | **पानी सुरक्षा योजना कार्यान्वयन** | भएको छ/छैन | | | | | | | |
| ८ | **बार्षिक साधार सभा** | भएको छ/छैन | | | | | | | |
| ९ | **जगेडा पार्टपुर्जाको** | छ/छैन | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **व्यवस्थापन** | | | | | | | | |
| १० | **सञ्चालन तथा मर्मत सम्भार कार्य योजना तथा पानी सुरक्षा योजनाको वार्षिक समिक्षा तथा पुनरावलोकन** | | | | | | | | |
| | दुबै | भएको छ/छैन | | | | | | | |
| | सञ्चालन तथा मर्मत सम्भार कार्य योजना मात्र वार्षिक समिक्षा तथा पुनरावलोकन | भएको छ/छैन | | | | | | | |
| | पानी सुरक्षा योजनाको मात्र वार्षिक समिक्षा तथा पुनरावलोकन | भएको छ/छैन | | | | | | | |
| | कुनै पनि नभएको | √ | □ | | | | | | |
| ११ | **लेखा व्यवस्थापन तथा दस्तावेजीकरण** | | | | | | | | |
| | राम्रो | छ | | | | | | | |
| | मध्यम | छ | | | | | | | |
| | कमजोर | छ | | | | | | | |
| १२ | **सहकारीमा संस्थामा आबद्धता** | भएको छ/छैन | | | | | | | |
| १३ | **सकृय मर्मत सम्भार कोष र नियमित पानी महसुल संकलन** | छ/छैन | | | | | | | |
| १४ | **सकृय मर्मत सम्भार कोषको अवस्था** | | | | | | | | |
| | स्थानीय स्तरमा लगानी | रु | | | | | | | |
| | नगद | रु | | | | | | | |
| | बैंक | रु | | | | | | | |
| | सहकारी संस्था | रु | | | | | | | |
| | जम्मा | रु | | | | | | | |
| १५ | **परिमाण, पहुँच, बिश्वसनीयता, गुणस्तर** | | | | | | | | |

वडाको समग्र अवस्थाः
....................................................................................................................................................................................................................................................................
....................................................................................................................................................................................................................................................................
....................................................................................................................................................................................................................................................................
....................................................................................................................................................................................................................................................................
............................

| | |
|---|---|
| प्रतिवेदन तयार पार्नेः | प्रमाणित तथा पेश गर्ने |
| .............................. | .............................. |
| नामः........................ | नामः........................ |
| वडा सचिव | वडा अध्यक्ष |
| मितिः................. | मितिः................. |

## अनुसुचि ३:   योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन वार्षिक मूल्यांकन फाराम

..........................................गाउँपालिका

..........................................जिल्ला..........................................प्रदेश

### योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन मूल्यांकन फाराम

आ.व.:...............................

योजनाको नामः..........................................

ठेगाना :....................................

**योजनाको न्यूनतम ग्राह्यता मापन**

| योजनाको सञ्चालन अवस्था | | अवस्था | आधार |
|---|---|---|---|
| क) | पूर्ण रुपमा सञ्चालित | छ/छैन | उपभोक्ता समितको प्रतिव्दन तथा अनुगमन |
| ख) | आंशिक रुपमा सञ्चालित | छ/छैन | उपभोक्ता समितको प्रतिव्दन तथा अनुगमन |
| ग) | बन्द | छ/छैन | उपभोक्ता समितको प्रतिव्दन तथा अनुगमन |

*बन्द भएको योजनाको थप मूल्याङ्कन गरिने छैन ।*

के योजना थप मूल्याङ्कनका लागि योग्य छ ?.............

| क्र सं. | सुचकांक | पूर्णाङ्क | प्राप्ताङ्क | अंक दिने आधार | कैफियत |
|---|---|---|---|---|---|
| १ | **योजनाको सञ्चालन अवस्था** | २० | | | |
| | पूर्ण रुपमा सञ्चालित | २० | | | |
| | आंशिक रुपमा सञ्चालित | १० | | | |
| २ | **उपभोक्ता समिति दर्ता तथा नवीकरण** | ५ | | | |
| ३ | **उपभोक्ता समितमा पूर्णता** | २ | | | |
| ४ | **उपभोक्ता समितिको नियमित बैठक** | ५ | | | |
| | नियमित | ५ | | | |
| | आवश्यकता अनुसार | २ | | | |
| | कहिले पनि बस्दैन | ० | | | |
| ५ | **मर्मत सम्भार कार्यकर्ताको नियुक्ति तथा परिचालन** | ८ | | | |
| ६ | **सञ्चालन तथा मर्मत सम्भार कार्यविधिको पालना** | ८ | | | |
| ७ | **पानी सुरक्षा योजना कार्यान्वयन** | ८ | | | |
| ८ | **बार्षिक साधार सभा** | ५ | | | |
| ९ | **जगेडा पार्टपुर्जाको व्यवस्थापन** | ५ | | | |
| १० | **सञ्चालन तथा मर्मत सम्भार कार्य योजना तथा पानी सुरक्षा योजनाको वार्षिक समिक्षा तथा पुनरावलोकन** | ५ | | | |
| | दुबै | ५ | | | |
| | सञ्चालन तथा मर्मत सम्भार कार्य योजना मात्र वार्षिक समिक्षा तथा पुनरावलोकन | २.५ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | पानी सुरक्षा योजनाको मात्र वार्षिक समिक्षा तथा पुनरावलोकन | २.५ | | | |
| | कुनै पनि नभएको | ० | | | |
| ११ | **लेखा व्यवस्थापन तथा दस्तावेजीकरण** | **५** | | | |
| | राम्रो | ५ | | | |
| | मध्यम | ३ | | | |
| | कमजोर | १ | | | |
| १२ | **सहकारीमा संस्थामा आबद्धता** | **५** | | | |
| १३ | **सकृय मर्मत सम्भार कोष र नियमित पानी शुल्क संकलन** | **५** | | | |
| १४ | **सकृय मर्मत सम्भार कोषको अवस्था *** | ४ | | | |
| | स्थानीय स्तरमा लगानी | १ | | | |
| | नगद | ० | | | |
| | बैक | २ | | | |
| | सहकारी संस्था | ४ | | | |
| १५ | **परिमाण, पहुँच, बिश्वसनीयता, गुणस्तर** | ४ | | | |
| | परिमाण (प्रति व्यक्ति प्रति दिन ४५ लिटर पानी) | १ | | | |
| | पहुँच (पानी ल्याउन आउदा जाँदा लाग्ने समय १५ मिनेट) | १ | | | |
| | बिश्वसनीयता (वर्ष भरि धारामा पानी आईरहने) | १ | | | |
| | गुणस्तर (पानीमा जैविक प्रदुषण नभएको) | १ | | | |
| १६ | **आन्तरिक आम्दानी तथा खर्च अनुपात प्रतिशत** | ३ | | | |
| | **२० वा २० प्रतिशत भन्दा कम** | ३ | | | |
| | **२१ देखि ५० प्रतिशत** | २ | | | |
| | **५१ देखि ९० प्रतिशत** | १ | | | |
| | **९१ प्रतिशत भन्दा माथी** | ० | | | |
| १६ | **प्रतिवेदन** | ३ | | | |
| | **तोकिएको समयमा नियमित प्रतिवेदन पेश** | ३ | | | |
| | **अनियमित रुपमा प्रतिवेदन पेश** | १ | | | |
| | **प्रतिवेदन पेश नगर्ने** | ० | | | |
| **जम्मा** | | १०० | | | |

मूल्याङ्कन समितिका सदस्यहरुको हस्ताक्षर, नाम, पद, कार्यालय र मिति

१

२

३

मितिः